# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
# (नेपाल टेलिकम)
### केन्द्रीय कार्यालय
### पदपूर्ति समिति

**सूचना नं. २८/०८१-८२** **गो.प.मा प्रकाशित मिति २०८१/११/०९**

## कार्यक्षमता मूल्याङ्कन बढुवाको सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त हुन आए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (संशोधन समेत) को विनियम ११, ३५, ३६, ३७, ३८, ३९, ४०, ४१ बमोजिम कार्यक्षमता मूल्याङ्कनको आधारमा देहायका पदहरूमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकोले विनियम ३५ को उपविनियम (२) बमोजिम कम्पनीको सम्बन्धित सेवा, समूह र उपसमूहको एक तह मुनिको पदमा ३ आर्थिक वर्ष स्थायी सेवा अवधि पुगेका तथा बढुवा हुने पदका लागि अनुसूची-२ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीहरूले यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र यस कम्पनीको website www.ntc.net.np वा recruit.ntc.net.np मार्फत अनलाइन (Online) फारामको निर्दिष्ट स्थानमा आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यता तथा थप शैक्षिक योग्यता, नियुक्ति तथा सरुवा, रमाना पत्र, ज्येष्ठता, भौगोलिक क्षेत्रको अनुभव स्पष्ट देखिने प्रमाणपत्रहरू अपलोड (Upload) गरी दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

म्याद नाघी प्राप्त भएको वा रीत नपुगेको दरखास्त उपर कुनै कारबाही हुने छैन। Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ।

आवेदकले Online दरखास्त भरे पश्चात् System बाट प्राप्त हुने टोकन नं. (Token No.) उल्लेख भएको Confirmation Slip को प्रतिलिपि संलग्न गरी Online फाराम भर्दा Upload गरिएका कागजातहरूको प्रतिलिपि समावेश गरी सोको पञ्जिका सहितको निवेदन फाइल तयार गरी काठमाडौं उपत्यकास्थित कार्यालयमा कार्यरत कर्मचारीले कम्पनीको केन्द्रीय कार्यालय, पदपूर्ति सचिवालयमा र उपत्यका बाहिरका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले दरखास्त फाराम भर्ने अवधिभित्रै सम्बन्धित प्रादेशिक निर्देशनालयमा पठाउनुहुन समेत अनुरोध गरिन्छ। साथै कार्यक्षमता मूल्याङ्कन बढुवा प्रक्रियामा आवेदकको ज्येष्ठता, शैक्षिक योग्यता, भौगोलिक लगायतका अङ्क गणना सम्बन्धी कार्य कम्पनीको मानव संशाधन विभाग, किताब शाखाको ERP मा रहेको वैयक्तिक विवरण अनुसार हुने भएकोले आवेदक आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, समकक्षता खुल्ने प्रमाणपत्र, स्थायी ठेगानामा परिवर्तन लगायतका विवरणहरू ERP System मा अनिवार्य रूपमा अद्यावधिक गराउनुहुन अनुरोध गरिन्छ।

| सि.नं. | वि.नं. | सेवा/समूह | पदको नाम | तह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८१-८२ | प्रा./टे. | प्रमुख प्राविधिक अधिकृत /प्रमुख सञ्चालन अधिकृत/ निर्देशक | ११ | ५ |
| २ | २/२०८१-८२ | मिश्रित (प्र./प्रा.) | प्रमुख व्यावसायिक अधिकृत | ११ | १ |
| ३ | ३/२०८१-८२ | प्रा./टे. | निर्देशक/प्रबन्धक (टेलिकम) | १० | ५ |
| ४ | ४/२०८१-८२ | प्रा./सि. | प्रबन्धक (सिभिल) | १० | १ |
| ५ | ५/२०८१-८२ | प्र./ले. | प्रबन्धक (लेखा) | १० | ३ |
| ६ | ६/२०८१-८२ | प्रा./टे. | उप प्रबन्धक (टेलिकम) | ९ | ६ |
| ७ | ७/२०८१-८२ | प्रा./सि. | उप प्रबन्धक (सिभिल) | ९ | १ |
| ८ | ८/२०८१-८२ | प्रा./प्रा. | उप प्रबन्धक (प्राबिधिक) | ९ | १ |
| ९ | ९/२०८१-८२ | प्र./प्र. | उप प्रबन्धक (प्रशासन) | ९ | ३ |
| १० | १०/२०८१-८२ | प्र./ले. | उप प्रबन्धक (लेखा) | ९ | १ |
| ११ | ११/२०८१-८२ | प्रा./टे. | वरिष्ठ इन्जिनियर (टेलिकम | ८ | ८ |
| १२ | १२/२०८१-८२ | प्र./प्र. | वरिष्ठ प्रशासकीय अधिकृत | ८ | २ |
| १३ | १३/२०८१-८२ | प्र./प्र. | वरिष्ठ व्यापार अधिकृत | ८ | १ |
| १४ | १४/२०८१-८२ | प्र./ले. | वरिष्ठ लेखा अधिकृत | ८ | २ |
| १५ | १५/२०८१-८२ | प्रा./प्रा. | वरिष्ठ प्राविधिक अधिकृत | ८ | २ |
| १६ | १६/२०८१-८२ | प्र./प्र. | प्रशासकीय अधिकृत | ७ | ९ |
| १७ | १७/२०८१-८२ | प्र./प्र. | व्यापार अधिकृत | ७ | ३ |
| १८ | १८/२०८१-८२ | प्र./ले. | लेखा अधिकृत | ७ | ९ |
| १९ | १९/२०८१-८२ | प्रा./प्रा. | प्राविधिक अधिकृत | ७ | १५ |
| २० | २०/२०८१-८२ | प्रा./प्रा. नि तथा म | प्राविधिक अधिकृत (निर्माण तथा मर्मत) | ७ | २ |
| २१ | २१/२०८१-८२ | प्र./ले. | सहायक लेखा अधिकृत | ६ | ३ |
| २२ | २२/२०८१-८२ | प्रा./प्रा. | सहायक प्राविधिक अधिकृत | ६ | १४ |
| २३ | २३/२०८१-८२ | प्रा./प्रा. नि तथा म | सहायक प्राविधिक अधिकृत (निर्माण तथा मर्मत) | ६ | २ |
| २४ | २४/२०८१-८२ | प्र./प्र. | वरिष्ठ सहायक | ५ | ११ |
| २५ | २५/२०८१-८२ | प्रा./प्रा. | सिनियर टेक्निसियन | ५ | ३ |
| २६ | २६/२०८१-८२ | प्रा./प्रा. | टेलिकम टेक्निसियन | ४ | २ |
| २७ | २७/२०८१-८२ | प्रा./प्रा. | जुनियर टेक्निसियन | ३ | ३ |

**सदस्य सचिव**
**पदपूर्ति समिति**

\Adv1\Nirmalworks\2081\Falgun 9\
**28_NTC_Karyashyamata_Badhuwa Notice**

**Size: 3x25**

राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
# (नेपाल टेलिकम)
## केन्द्रीय कार्यालय
## पदपूर्ति समिति

**सूचना नं.** २९/०८१-८२ **गो.प.मा प्रकाशित मिति :** २०८१/११/०९

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (संशोधन समेत) को विनियम ११, १६, ३४ र ४१ बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा कम्तीमा तीन वर्ष स्थायी सेवा अवधि पूरा भएका र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ को अनुसूची-२ बमोजिम आन्तरिक प्रतियोगिताका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कम्पनीका कर्मचारीहरूबाट Online दरखास्त आह्वान गरिएको छ ।

योग्य उम्मेदवारहरूले कम्पनीको website www.ntc.net.np वा recruit.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनुपर्नेछ । रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू संलग्न नभई पेश भएको दरखास्त उपर कुनै कारबाही हुनेछैन । Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ ।

| सि.नं. | वि.नं. | सेवा/समूह | पदको नाम | तह | पद सङ्ख्या | परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | २८/२०८१-८२ | प्रा./टे. | निर्देशक/प्रबन्धक (टेलिकम) | १० | १ | १,०००/- |
| २ | २९/२०८१-८२ | प्रा./टे. | उप प्रबन्धक (टेलिकम) | ९ | २ | ८००/- |
| ३ | ३०/२०८१-८२ | प्रा./प्रा. | उप प्रबन्धक (प्राविधिक) | ९ | १ | ८००/- |
| ४ | ३१/२०८१-८२ | प्र./प्र. | उप प्रबन्धक (प्रशासन) | ९ | १ | ८००/- |
| ५ | ३२/२०८१-८२ | प्र./ले./चा.ए. | उप प्रबन्धक (चा.ए.) | ९ | १ | ८००/- |
| ६ | ३३/२०८१-८२ | प्र./ले. | उप प्रबन्धक (लेखा) | ९ | १ | ८००/- |
| ७ | ३४/२०८१-८२ | प्रा./टे. | वरिष्ठ इन्जिनियर (टेलिकम | ८ | २ | ८००/- |
| ८ | ३५/२०८१-८२ | प्रा./प्रा. | वरिष्ठ प्राविधिक अधिकृत | ८ | १ | ८००/- |
| ९ | ३६/२०८१-८२ | प्रा./टे. | टेलिकम इन्जिनियर, (इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन) | ७ | १ | ७००/- |
| १० | ३७/२०८१-८२ | प्रा./टे. | टेलिकम इन्जिनियर, (कम्प्युटर) | ७ | १ | ७००/- |
| ११ | ३८/२०८१-८२ | प्रा./टे. | टेलिकम इन्जिनियर, (इलेक्ट्रिकल) | ७ | १ | ७००/- |
| १२ | ३९/२०८१-८२ | प्र./प्र. | प्रशासकीय अधिकृत | ७ | ३ | ७००/- |
| १३ | ४०/२०८१-८२ | प्र./प्र. | व्यापार अधिकृत | ७ | १ | ७००/- |
| १४ | ४१/२०८१-८२ | प्र./ले. | लेखा अधिकृत | ७ | २ | ७००/- |
| १५ | ४२/२०८१-८२ | प्रा./प्रा. | प्राविधिक अधिकृत | ७ | ५ | ७००/- |
| १६ | ४३/२०८१-८२ | प्र./प्र. | सहायक प्रशासकीय अधिकृत | ६ | १ | ७००/- |
| १७ | ४४/२०८१-८२ | प्र./ले. | सहायक लेखा अधिकृत | ६ | २ | ७००/- |
| १८ | ४५/२०८१-८२ | प्रा./प्रा. | सहायक प्राविधिक अधिकृत | ६ | ५ | ७००/- |
| १९ | ४६/२०८१-८२ | प्र./प्र. | वरिष्ठ सहायक | ५ | ४ | ५००/- |
| २० | ४७/२०८१-८२ | प्रा./प्रा. | सिनियर टेक्निसियन | ५ | २ | ५००/- |
| २१ | ४८/२०८१-८२ | प्रा./प्रा. | जुनियर टेक्निसियन | ३ | १ | ३००/- |

१. **परीक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता, (प्राविधिक सेवातर्फ तह ४ र तह ३ का लागि प्रयोगात्मक परिक्षा हुनेछ) र लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

२. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया** : Online दरखास्त फाराम Submit गरे पश्चात् Payment Option मा गई कम्पनीले तोकेका अनलाइन भुक्तानी सेवा प्रदायकहरू मध्ये कुनै एक छनोट गरी भुक्तानी गर्न सकिनेछ वा कम्पनीका महसुल काउन्टरहरूबाट भुक्तानी गर्न इच्छुक आवेदकहरूले Token No. उल्लिखित Slip सहित दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट सम्म भुक्तानी गर्न सकिनेछ । अनलाइन भुक्तानी सेवा प्रदायकहरूको विवरण कम्पनीको वेबसाइटमा प्रकाशित हुनेछ ।

३. **दरखास्त भर्ने अन्तिम मिति** : २०८१/११/२९ तथा दोब्बर दस्तुरको मिति : २०८१/१२/०७ सम्म ।

४. **लिखित परीक्षा सञ्चालन हुने मिति, समय र केन्द्र** :उपरोक्त विज्ञापनहरूको लिखित परीक्षाको मिति, समय र परीक्षा केन्द्र लोक सेवा आयोगबाट तोकिए बमोजिम हुनेछ ।

५. **पाठ्यक्रम** : लिखित परीक्षाको पाठ्यक्रमहरू यस कम्पनीको website www.ntc.net.np बाट प्राप्त गर्न सकिनेछ।

६. दरखास्त दिने अन्तिम मिति (नियमित दस्तुरको म्याद) भन्दा पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, परिषद् दर्ता प्रमाणपत्र, तालिम, अनुभव र सेवा अवधि मान्य हुनेछैन । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण पत्र अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

\Adv1\Nirmalworks\2081\Falgun 9\
**29_NTC_Antarik_Padpurti**
**Size: 3x25**

राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
# (नेपाल टेलिकम)
## केन्द्रीय कार्यालय

सूचना नं. ३०/०८१-८२ | पदपूर्ति समिति | गो.प.मा प्रकाशित मिति : २०८१/११/०९

## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको दरखास्त आह्वान सम्बन्धी सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्नलिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (संशोधन समेत) बमोजिम खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्नानुसार योग्यता पुगेका, विनियम १७ बमोजिम अयोग्य नभएका तथा लोक सेवा आयोगबाट सञ्चालित परीक्षामा अनियमितता गरेको सम्बन्धमा यस अघि निश्चित अवधिसम्म आयोगद्वारा सञ्चालित कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारबाहीमा नपरेका इच्छुक नेपाली नागरिकहरूबाट Online दरखास्त आह्वान गरिएको छ। आवेदकले नेपाली नागरिकताको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, दस्तखतको नमुना, आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरू, तालिम, अनुभव, परिषद् दर्ता प्रमाणपत्र (आवश्यक हुने पदका लागि मात्र), समावेशिताको प्रमाणपत्र, समकक्षता निर्धारण पत्रहरू Online फारामको निर्दिष्ट स्थानमा Upload गरी कम्पनीको website www.ntc.net.np वा recruit.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनुपर्नेछ। रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू संलग्न नभई पेश भएको दरखास्त उपर कुनै कारबाही हुने छैन। Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| सि. नं. | विज्ञापन नं. | सेवा/ समूह | पद, | तह | खुला र समावेशी पद संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | खुला | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
| १ | ४९/२०८१-८२ | प्रा./टे. | उप प्रबन्धक (टेलिकम) | ९ | १ | १ | | | | | | |
| २ | ५०/२०८१-८२ | प्र./प्र. | उप प्रबन्धक (प्रशासन) | ९ | १ | | १ | | | | | |
| ३ | ५१/२०८१-८२ | प्र./ले. | उप प्रबन्धक (लेखा) | ९ | १ | १ | | | | | | |
| ४ | ५२/२०८१-८२ | प्रा./टे. | वरिष्ठ इन्जिनियर (टेलिकम | ८ | १ | १ | | | | | | |
| ५ | ५३/२०८१-८२ | प्रा./सि. | वरिष्ठ इन्जिनियर (सिभिल) | ८ | १ | | १ | | | | | |
| ६ | ५४/२०८१-८२ | प्र./ले. | वरिष्ठ लेखा अधिकृत (चा.ए.) | ८ | १ | | | | | १ | | |
| ७ | ५५/२०८१-८२ | प्र./ले. | वरिष्ठ लेखा अधिकृत | ८ | १ | | | १ | | | | |
| ८ | ५६/२०८१-८२ | प्रा./टे. | टेलिकम इन्जिनियर, (इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन) | ७ | १० | ६ | १ | १ | १ | | | १ |
| ९ | ५७/२०८१-८२ | प्रा./टे. | टेलिकम इन्जिनियर, (कम्प्युटर) | ७ | ४ | २ | १ | | १ | | | |
| १० | ५८/२०८१-८२ | प्रा./टे. | टेलिकम इन्जिनियर (इलेक्ट्रिकल) | ७ | २ | १ | १ | | | | | |
| ११ | ५९/२०८१-८२ | प्रा./सि. | इन्जिनियर (सिभिल) | ७ | १ | १ | | | | | | |
| १२ | ६०/२०८१-८२ | प्रा./सि. | इन्जिनियर (आर्किटेक्ट) | ७ | १ | | १ | | | | | |
| १३ | ६१/२०८१-८२ | प्र./प्र. | सहायक प्रशासकीय अधिकृत | ६ | ३ | १ | | | १ | | | १ |
| १४ | ६२/२०८१-८२ | प्र./प्र. | सहायक व्यापार अधिकृत | ६ | ४ | २ | | १ | १ | | | |
| १५ | ६३/२०८१-८२ | प्र./प्र. | सहायक लेखा अधिकृत | ६ | १२ | ६ | २ | २ | १ | १ | | |
| १६ | ६४/२०८१-८२ | प्रा./प्रा./नि. तथा म. | ओभरसियर | ५ | २ | १ | | | | | १ | |
| १७ | ६५/२०८१-८२ | प्र./प्र. | सहायक | ४ | १४ | ८ | ३ | १ | १ | | १ | |
| १८ | ६६/२०८१-८२ | प्रा./प्रा. | टेलिकम टेक्निसियन | ४ | ४ | २ | | १ | १ | | | |
| १९ | ६७/२०८१-८२ | प्रा./प्रा. | जुनियर टेक्निसियन | ३ | ५ | ३ | १ | | १ | | | |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः** सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९।१०।२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भएपश्चात सोही अनुसार पदपूर्ति गरिनेछ।

### क. आवश्यक न्यूनतम योग्यताः

१. **उप-प्रबन्धक (टेलिकम) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृत स्तरको पदमा शुरु सेवा प्रवेशका लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको तथा नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा सङ्गठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।
सम्बन्धित सेवा समूहको अधिकृत स्तरको पदमा शुरु सेवा प्रवेशका लागि तोकिएको विषय भन्नाले "टेलिकम्युनिकेशन्स एण्ड कम्युनिकेशन वा रेडियो वा इलेक्ट्रिकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ (कम्युनिकेशन, इलेक्ट्रोनिक्स, कम्प्युटर, रेडियो मध्ये कुनै एक विषय) वा Computer Science, Information Communication वा इलेक्ट्रिकल इन्जिनियरिङ वा रेफ्रिजेरेशन एण्ड एयर कण्डिसन वा मेकानिकल इन्जिनियरिङ वा सो सरहको कुनै एक विषय" भन्ने बुझिन्छ।

२. **उप-प्रबन्धक (प्रशासन) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृत स्तरको पदमा शुरु सेवा प्रवेशका लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा सङ्गठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

३. **उप-प्रबन्धक (लेखा) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृत स्तरको पदमा शुरु सेवा प्रवेशका लागि तोकिएको व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा सङ्गठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

४. **वरिष्ठ इन्जिनियर (टेलिकम) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृत स्तरको पदमा शुरु सेवा प्रवेशका लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको तथा नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा सङ्गठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।
सम्बन्धित सेवा समूहको अधिकृत स्तरको पदमा शुरु सेवा प्रवेशका लागि तोकिएको विषय भन्नाले "टेलिकम्युनिकेशन्स एण्ड कम्युनिकेशन वा रेडियो वा इलेक्ट्रिकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ (कम्युनिकेशन, इलेक्ट्रोनिक्स, कम्प्युटर, रेडियोमध्ये कुनै एक विषय) वा Computer Science, Information Communication वा इलेक्ट्रिकल इन्जिनियरिङ वा रेफ्रिजेरेशन एण्ड एयर कण्डिसन वा मेकानिकल इन्जिनियरिङ वा सो सरहको कुनै एक विषय" भन्ने बुझिन्छ।

५. **वरिष्ठ इन्जिनियर (सिभिल) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृत स्तरको पदमा शुरु सेवा प्रवेशका लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको तथा नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा सङ्गठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

६. **वरिष्ठ लेखा अधिकृत (चा.ए.) पदका लागि** : मान्यता प्राप्त संस्था (इन्स्टिच्युट)बाट चार्टर्ड एकाउन्टेन्सी वा सर्टिफाइड पब्लिक एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी प्रचलित नेपाल कानून बमोजिम नेपाल चार्टर्ड एकाउन्टेण्ट संस्थामा दर्ता भएको।

७. **वरिष्ठ लेखा अधिकृत पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृत स्तरको पदमा शुरु सेवा प्रवेशका लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा सङ्गठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

८. **टेलिकम इन्जिनियर (इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट टेलिकम्युनिकेशन्स एण्ड कम्युनिकेशन वा रेडियो वा इलेक्ट्रिकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ (कम्युनिकेशन, इलेक्ट्रोनिक्स, कम्प्युटर, रेडियो मध्ये कुनै एक विषयमा) स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको।

९. **टेलिकम इन्जिनियर (कम्प्युटर) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer Science, Information Technology, Information Communication, Computer Software, Computer Hardware वा कम्प्युटर इन्जिनियरिङ वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको।

१०. **टेलिकम इन्जिनियर (इलेक्ट्रिकल) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल वा इलेक्ट्रिकल एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रिकल इन्जिनियरिङ वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको।

११. **इन्जिनियर (सिभिल) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको।

१२. **इन्जिनियर (आर्किटेक्ट) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर इन्जिनियरिङ विषयमा स्नातक उपाधि हासिल गरी प्रचलित कानून बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको।

१३. **सहायक प्रशासकीय अधिकृत पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनसुकै विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

१४. **सहायक व्यापार अधिकृत पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित वा तथ्यांकशास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको।

१५. **सहायक लेखा अधिकृत पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको।

१६. **ओभरसियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्ट वा सर्भे इन्जनियरिङमा प्रमाणपत्र तह वा डिप्लोमा इन्जिनियरिङ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको।

१७. **सहायक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई.मा कम्तीमा जी.पी.ए. दुई प्राप्त वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको।

१८. **टेलिकम टेक्निसियन पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दूरसञ्चार तालिम केन्द्रबाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ वा टेलिकम टेक्निसियनको तालिम प्राप्त वा राष्ट्रिय सीप परीक्षण केन्द्रबाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ विषयमा तह २ को सीप परीक्षण उत्तीर्ण भएको।

१९. **जुनियर टेक्निसियन पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दूरसञ्चार तालिम केन्द्रबाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ वा जुनियर टेक्निसियनको तालिम प्राप्त वा राष्ट्रिय सीप परीक्षण केन्द्रबाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ विषयमा तह १ को सीप परीक्षण उत्तीर्ण भएको।

**ख. उमेरको हद** : दरखास्त दिने अन्तिम मिति सम्ममा सहायक स्तरको पदका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, तह ६ देखि तह ७ सम्मको अधिकृत स्तरको पदका लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा तह ८ र तह ९ को अधिकृत स्तरको पदका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। साथै सबै पदका लागि महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्नेछ। उक्त प्रयोजनका लागि उमेरको गणना गर्दा दरखास्त बुझाउने अन्तिम मिति (सूचना प्रकाशित मितिले २१ दिनको म्याद) लाई आधार मानिनेछ। दोब्बर दस्तुर बुझाई दरखास्त दिन पाउने अवधिलाई गणना गरिनेछैन। नेपाल दूरसञ्चार कम्पनीको बहालवाला स्थायी कर्मचारीलाई उमेरको हद लाग्नेछैन।

**ग. परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता (प्राविधिक सेवा तर्फ तह ४ र तह ३ का लागि प्रयोगात्मक परिक्षा समेत हुनेछ)।

**घ. परीक्षा दस्तुर बुझाउने प्रक्रिया** : Online दरखास्त फाराम Submit गरे पश्चात् Payment Option मा गई कम्पनीले तोकेका अनलाइन भुक्तानी सेवा प्रदायकहरू मध्ये कुनै एक छनोट गरी भुक्तानी गर्न सकिनेछ वा कम्पनीका महसुल काउण्टरहरूबाट भुक्तानी गर्न चाहने आवेदकहरूले Token No. उल्लिखित Slip सहित ढिलोमा दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट सम्म तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर भुक्तानी गर्न सक्नेछन्। अनलाइन भुक्तानी सेवा प्रदायकहरूको विवरण कम्पनीको वेबसाइटमा प्रकाशित गरिनेछ।

**ङ. दरखास्त भर्ने अन्तिम मिति** : २०८१/११/२९ सम्म र दोब्बर दस्तुर तिरी २०८१/१२/०७ सम्म।

**च. लिखित परीक्षा सञ्चालन हुने मिति, समय र केन्द्र** :
उपरोक्त विज्ञापनहरूको लिखित परीक्षाको मिति, समय र परीक्षा केन्द्र लोक सेवा आयोगबाट तोकिए बमोजिम हुनेछ।

**छ. परीक्षा दस्तुर** :- देहाय बमोजिम लाग्नेछ;

| सि.नं. | पद/तह | दस्तुर (रु.) | प्रत्येक समावेशी समूहका लागि थप |
|---|---|---|---|
| १ | अधिकृत स्तर तह ८ र तह ९ का लागि | रु. ८००।- (आठ सय) | अधिकृत स्तरका लागि रु. २००।- (दुई सय) |
| २ | अधिकृत स्तर तह ६ र ७ का लागि | रु. ७००।- (सात सय) | |
| ३ | सहायक स्तर तह ४ का लागि | रु. ५००।- (पाँच सय) | सहायक स्तरका लागि रु. १००।- (एक सय) |
| ४ | सहायक स्तर तह ३ का लागि | रु. ३००।- (तीन सय) | |

**द्रष्टव्य** : खुलातर्फ आवेदन नगरी समावेशी समूहतर्फ मात्र आवेदन गरेमा पहिलो एक समूहका लागि खुला सरह परीक्षा दस्तुर लाग्नेछ। थप समावेशी समूहका लागि माथि उल्लेख भए बमोजिम थप दस्तुर लाग्नेछ।
दरखास्त दिने अन्तिम मिति (नियमित दस्तुरको म्याद) भन्दा पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाण पत्र, परिषद् दर्ता प्रमाण पत्र, तालिम, अनुभव, सेवा अवधि मान्य हुनेछैन। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको समकक्षता पत्र अनिवार्य संलग्न हुनुपर्ने।
पाठ्यक्रमहरू यस कम्पनीको website www.ntc.net.np बाट प्राप्त गर्न सकिनेछ।

**ज. समावेशी समूहतर्फ दरखास्त दिंदा उम्मेदवारहरूले तयार गर्नुपर्ने थप कागजातहरू** :
समावेशी समूह तर्फका विज्ञापनहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरेर मात्र दरखास्त दिनुपर्नेछ। उल्लेखित कागजातहरू नभएमा जुनसुकै समय दरखास्त रद्द हुनसक्नेछ।

१. **आदिवासी/जनजातिका हकमा** : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

२. **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

३. **अपाङ्गता भएका व्यक्तिको हकमाः** स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको परिचय पत्र।

४. **मधेशीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

५. **पिछडिएको क्षेत्रको हकमाः** बझाङ, बाजुरा, अछाम, हुम्ला, मुगु, जुम्ला, कालीकोट, डोल्पा, र जाजरकोट जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी आवेदन फाराम दर्ता गर्ने अन्तिम मिति भन्दा अगाडि ३ महिनाको अवधिभित्र प्रमाणित गरेको कागजात।

**झ. काम गर्नुपर्ने कार्यालयहरू** : कम्पनीका विभिन्न निर्देशनालय, विभाग तथा काठमाडौं उपत्यका बाहिरका कार्यालयहरू।

**ञ. दरखास्त भर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरू** : कम्पनीको वेबसाइटमा गई "अनलाइन मार्फत आवेदन फाराम दर्ता गर्ने सम्बन्धी कार्यविधि, २०८१" प्राप्त गरी सोही बमोजिम फाराम भर्न सकिनेछ।

**पुनश्चः** Online मार्फत फाराम भर्दा कुनै समस्या भएमा यस कम्पनीको सम्पर्क टेलिफोन नं. ०१-४२१०४१५, ०१-४२१०४६२, ०१-४२१०४१६ का साथै email : recruit@ntc.net.np मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

\Adv1\Nirmalworks\2081\Falgun 9\
**30_NTc_Open Competition_Notice**
**Size: 8x33**